# त्रिवेणीमा कालिकोट र बाजुरा दुवैको दाबी

पृष्ठ १ बाट

तीन हजार आठ सय मिटरको उचाइमा रहेको यो क्षेत्रलाई दुवै जिल्लाले आफ्नो दाबी गर्दा विवाद बढ्दै गइरहेको छ।

त्रिवेणी पाटन सदियौंदेखि कालिकोट, जुम्ला, मुगु र बाजुराका स्थानीयको मौसमी चरन क्षेत्र हो। वर्षको चार-पाँच महिना बस्तुभाउ चराउन पाटन लगिन्छ। तर पछिल्लो समय संघीयता कार्यान्वयनसँगै त्रिवेणी पाटनको स्वामित्वको विषयलाई लिएर दुई जिल्ला र दुई प्रदेशबिच विवाद बढ्दो छ।

कर्णाली प्रदेश सरकारले त्रिवेणी पाटन क्षेत्रमा 'त्रिवेणी बडीमालिका पर्यटकीय पूर्वाधार निर्माण आयोजना' नाम दिएर पाँच करोडको पूर्वाधार निर्माण गरिरहेको छ। कर्णाली सरकारले भौतिक संरचना निर्माण गरिरहेको क्षेत्र आफ्नो भएको दाबी सुदूरपश्चिम सरकारको छ।

कर्णाली प्रदेश सरकारले त्रिवेणी बडीमालिका पर्यटन पूर्वाधार निर्माणका लागि आर्थिक वर्ष २०७८/८९ देखि काम गरिरहेको छ। कर्णाली प्रदेशको उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयमार्फत त्रिवेणी पाटनमा एउटा धर्मशाला, एक हेलिप्याड, शौचालय, प्रवेशद्वार, पोखरी, स्नान गृह, एक सय आठवटा धारा निर्माण गरिएका छन्। यी संरचना निर्माणका लागि प्रदेश सरकारले पाँच करोड ५७ लाख ८६ हजार ७३३ रुपैयाँमा मजदुर कन्स्ट्रक्सन प्रालिलाई ठेक्का दिएको छ। हालसम्म निर्माण कम्पनीले तीन करोड ६७ लाख ९३ हजार पाँच सय रुपैयाँ भुक्तानी पनि लगिसकेको छ।

डिभिजन वन कार्यालय कालिकोटले सान्नीत्रिवेणी गाउँपालिका-८ मा पर्ने क्षेत्रमा आफूहरूले संरचना निर्माण गरेको दाबी गर्छ। तर सुदूरपश्चिममा पर्ने बाजुरा जिल्लाको त्रिवेणी नगरपालिका भने धर्मशाला निर्माण गरिएको क्षेत्र आफूहरूको पाँच नम्बर वडामा पर्ने र हेलिप्याड निर्माण गरिएको क्षेत्र वडा नं. ६ मा पर्ने दाबी गर्छ।

सान्नीत्रिवेणी गाउँपालिकाका अध्यक्ष मोहनबहादुर केसी त्रिवेणीका बारेमा बाजुराले अनावश्यक विवाद गरेको बताउँछन्। 'हाम्रै भूगोल हो, प्रदेश सरकारले कर्णालीकै भूगोलमा संरचना निर्माण गरिरहेको छ,' अर्को प्रदेशको भूगोल आफ्नो भनेर दाबी गर्न सुदूरपश्चिमलाई सुहाउँदैन,' उनले भने।



संघीयतापछि सुदूरपश्चिमले त्रिवेणीमा दाबी गर्न थालेको उनले बताए। 'विवादको निराकरणका लागि हामीले कार्यपालिकाको निर्णय गरेर प्रदेश सरकारलाई पत्र बुझाएका छौं,' उनले भने, 'त्रिवेणीको विवाद सरकारले चाँडोभन्दा चाँडो समाधान गरिदिनुपर्छ।' उनले त्रिवेणी पाटनभन्दा माथिको ढुंगा राख्ने ठाउँसम्म आफ्नो पालिकाको भूगोल पर्ने बताए।

उनले २०४३ सालमा जुम्ला जिल्लाबाट छुट्टिएर कालिकोट जिल्ला कायम हुँदादेखि नक्सांकनमा बडीमालिका र त्रिवेणी पाटन छुट्टाएको बताए। उनले त्यो भाग साबिकको मुम्रा गाविसमा पर्ने भएकाले २०४० सालदेखि मन्दिर बासुधारा, धरमसाला, निर्माण गरी पञ्चायतदेखि लगानी हुँदै आएको उनको भनाइ छ।

उनले पुजारीको हिसाबले पनी कालिकोटको रास्कोट नगरपालिकाका धमलाले सरकारी पुजा गर्ने र बाजुराको पुइमाका पुजारीले पुजाइ गर्ने फैसलासमेत भएको छ। बाजुराको त्रिवेणी नगरपालिकाका नगरप्रमुख कर्णबहादुर थापा कर्णाली प्रदेश सरकारले सम्बन्धित पालिका, जिल्ला एवं प्रदेशको स्वीकृति बेगर वडा नम्बर ५ मा धर्मशाला र वडा नम्बर ६ मा हेलिप्याड निर्माण गरेको बताए।

थापाले सीमाका विषयमा सुदूरपश्चिम प्रदेश सरकारलाई पटकपटक परिपत्र गर्दा पनी सामाधान नभएको बताए। उनका अनुसार बाजुरा र कालिकोटको सिमाना धारमा रहेको त्रिवेणी पाटनको विषयमा छानबिन टोली बनाउनुपर्ने बताए। 'चरिचरन प्रयोजनका लागि यता (बाजुरा) उता (कालिकोट) दुवैतर्फका गोठालाहरूले यो भूमिको निर्बाध प्रयोग गरिरहेका छन्। पहिला पनी हामीले कालिकोटले संरचना निर्माण गरिपछि हामीले प्रश्न गरेका थियौं।'

सीमा विवाद सामाधान गरी साझा भूमिका रूपमा अगाडि सारी समग्र क्षेत्रकै पर्यटन प्रवर्द्धन एवं पूर्वाधार निर्माण सकिने स्थानीयको भनाइ छ।

डिभिजन वन कार्यालय कालिकोटका इन्जिनियर प्रकाश सेजुवालले आर्थिक वर्ष २०७९/८० देखि त्रिवेणी पाटन क्षेत्रमा भौतिक संरचना निर्माण भइरहेको बताए। 'पाँच करोड ५७ लाख ८६ हजार ७२३ रुपैयाँमा भौतिक संरचनाहरू निर्माण गर्न ठेक्का सम्झौता गरिएको हो,' उनले भने, 'जसअनुसार कालिकोटको सान्नीत्रिवेणी गाउँपालिका-८ मा धर्मशाला र हेलिप्याड निर्माण भइरहेको छ।'

सान्नीत्रिवेणी गाउँपालिकाका उपाध्यक्ष पार्वती सिंहले त्रिवेणी पाटन एवं समग्र बडीमालिका क्षेत्रको ऐतिहासिक एवं धार्मिक भोगचलनको अधिकार र नक्सांकनको आधारलाई हेर्दा कालिकोटको भएको बताइन्। 'नक्सांकन र विभिन्न डकुमेन्टका हिसाबले त्रिवेणीपाटन र बडीमालिका क्षेत्र कालिकोटको हो', उनले भनिन्, 'दुई जिल्ला र दुई प्रदेशबिचको विवाद तत्काल समाधान गरिनुपर्छ।'

# इलाम सदरमुकाम 'टापु' बन्ने जोखिम

पृष्ठ १ बाट

त्यसयता ढुक्कले काम गर्न पाइएको छैन। काम गर्न पनि जोखिम छ।' बाढीले तारजाली, पाइप, केही मेसिन र अन्य सामग्री बगाइदिएको उनले बताए। 'राजदुवालीबाट साना गाडी जसोतसो चलेका छन् तर वर्षाले मर्मतको काममा बाधा पारेको छ', भट्टराईले भने, 'तर पनि मर्मत भइरहेको छ।' ठुलो वर्षा भए सडक चुँडिने अवस्था छ अहिले पनि। राजमार्गको चार ठाउँमा एउटै पहिरोले सताएको छ। भिरालो पाखामा गोलाई घुमाएर बनाइएको सडकमा माथिबाट पहिरो झर्दा चार खण्ड एकै तवरले क्षतिग्रस्त भएका छन्।

यस वर्ष वर्षा सुरु हुनुअगावै राजदुवालीमा पुरानै ठेक्काअन्तर्गत काम थालिएको थियो। त्यसअन्तर्गत सडकमाा तारजाली र पर्खाल लगाउने काम हुँदैथियो। सडक डिभिजनले जमिन भित्रभित्रै पानी बग्ने समस्या समाधान गर्न 'ड्रिलिङ'बाट पाइप राखी पानी निकाल्ने प्रयत्न गरेको थियो। जति मर्मत गरे पनि सडकको अवस्था नसुध्रिएको भन्दै स्थानीय असन्तुष्ट छन्। चारैतर्फबाट आउने सडक भरपर्दा नभएका कारण वर्षायाममा इलाम 'टापु' बन्न सक्ने भन्दै इलामबासी चिन्तित छन्। 'अब इलामलाई दुर्गम जिल्ला घोषणा गर्नुपर्छ', नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय सदस्यसमेत रहेका स्थानीय धीरेन चेम्जोङले भने, 'इलामजस्तो पर्यटकीय जिल्लामा सडक मर्मतमा किन पर्याप्त काम हुन सकिरहेको छैन ? कसले दिन्छ जबाफ ?'

मेची राजमार्गकै मिलगोलाई र बञ्चरेगोलाईमा पनि वर्षामा पहिरो झर्दा कुन बेला सवारी आवागमन रोकिने हो भन्ने टुंगो छैन। यो ठाउँमा अहिले निकै खतरापूर्ण तबरले एकतर्फी रूपमा सवारीसाधन चलाइएको छ। ठुलो वर्षा भएमा यी खण्ड पनि अवरुद्ध हुने सम्भावना रहेको इलाम-४ का वडाध्यक्ष नुतनदेव दुलालले बताए।

**फास्ट ट्र्याक पूर्ण अवरुद्ध**

झापाको केचनादेखि ताप्लेजुङको कञ्चनजंघा आधारशिविर पुग्ने केचना-कञ्चनजंघा मार्ग (इलाम-झापा फास्ट ट्र्याक) पनि पूर्ण रूपमा बन्द भएको छ। यो खण्डको माइखोला (बेलासे) को पक्की पुल अघिल्लो असोज १८ गते रातिको भारी वर्षाले भास्सिएको थियो। अहिले भास्सिएको भाग हटाएर बेलीब्रिज जडान गर्रिंदैछ। तर बेलीब्रिज बनाउन तयार गर्दैगर्दा बाढीले जग नै बगाएको स्थानीयले बताएका छन्। स्थानीय सविन लोक्तामका अनुसार रातिको वर्षाले यहाँ निर्माणाधीन बेली ब्रिजको बेससमेत बगाएको छ। 'यहाँ पटक-पटक बनाइएका डाइभर्सन बाढीले बगाइसकेको छ', उनले भने, 'सबैभन्दा ठुलो समस्याचाहिँ खोला तर्न नसक्दा यहाँका बालबालिका स्कुल जान सकेका छैनन्।' उनका अनुसार यहाँका १०-१२ बालबालिका पारिपट्टि रहेको जनता माविमा पढ्न जाने गरेका छन्। तर खोला तर्ने अवस्था नहुँदा ठुलो वर्षामा उनीहरू घरमै बस्न बाध्य छन्।

यही सडकको पुवाखोलाको नयाँ बेलीब्रिज पनि गत असोज १८ को बाढीले बगाएको थियो। त्यसपछि साना सवारीसाधन चल्नेगरी फड्के बनाइएको छ। नजिकै ठुला गाडीका लागि डाइभर्सन बनाइएको थियो। तर गत बिहीबार रातिको बाढीले उक्त डाइसभर्सनसमेत बगाएपछि फास्ट ट्र्याकमा सवारी आउजाउ बन्द भएको डिभिजन प्रमुख भट्टराईले जानकारी दिए। पुवाखोलामा पुनः अर्को बेलीब्रिज पनि जडान गर्रिंदैछ।

**राजदुवालीको वैकल्पिक सडक पनि बन्द**

बारम्बार पहिरो झरिरहने र मर्मत भइरहने मेची राजमार्ग राजदुवाली खण्डको विकल्प भनिएको सिमलगोलाई-जोगमाई-तिल्केनी सडकमा पनि अहिले गाडी गुड्ने अवस्था छैन। त्यहाँ जडान गरिएको नयाँ बेलीब्रिज पनि गत असोज १८ को बाढीले बगाएको थियो। त्यसपछि बनाइएको डाइभर्सनसमेत बाढीले बगाएको छ। अहिले खोलामा बाढी आएका कारण सवारीसाधन आउजाउ गर्न सक्ने अवस्था नरहेको स्थानीय एवं इलाम नगरपालिका-१० का वडाध्यक्ष दिलीप प्रधानले जानकारी दिए। जोगमाई खोलामा पनि नयाँ बेलीब्रिज जडानका क्रममा छ। तराईबाट इलाम आउने अरू कुनै भरपर्दा वैकल्पिक सडक छैनन्। भएको मुख्य सडकसमेत वर्षाका कारण बन्द हुँदा अबका केही महिना इलाम, पाँचथर र ताप्लेजुङबासीले सास्ती खेप्नुपर्ने सम्भावना छ।

गत असोज १८ र १९ को बाढीपहिरोले जिल्लामा १२ अर्ब रुपैयाँबराबरको भौतिक संरचनामा क्षति पुर्‍याएको थियो। त्यसमध्ये सात अर्बबराबरका सडक र पुल नै थिए। ३९ जनाको ज्यान गएको त्यो घटनापछि इलामलाई तीन महिनाका लागि 'विपद् संकटग्रस्त' जिल्ला घोषणा गरिएको थियो। सडक मर्मतका लागि सरकारले समयमै बजेट व्यवस्था नगर्दा बर्खा लागेपछि काम थालिएको छ। भारतबाट बेलीब्रिज ल्याउनेक्रममा प्रक्रियागत ढिलाइका कारण दुई सातासम्म नाकामै रोकिएका सामग्री करिब साताअघि ल्याइएका छन्। 'अहिले एउटा बेलीब्रिजका लागि सामान आएकाले बेलासेस्थित माइखोलामा जडान गर्न लागिएको छ', डिभिजन प्रमुख भट्टराई भन्छन्, 'समयमै बजेट र सामग्री व्यवस्था गरिएको भए समयमै काम सकिने थियो।'

गत पुसमा संघीय सरकारले इलाममा बाढीपहिरोले क्षतिग्रस्त संरचना मर्मत गर्न दुई अर्ब १९ करोड रुपैयाँको स्रोत सुनिश्चित (सहमति) गरेको थियो। अर्थ मन्त्रालयले मेची राजमार्गका लागि डेढ अर्ब, मेची राजमार्गकै राजदुवाली पुलका लागि २० करोड, केचना-कञ्चनजंघा सडकका लागि १४ करोड, यही सडकअन्तर्गत माईखोलाको बेलासे पुलका लागि २५ करोड, पुवाखोला पुलका लागि पाँच करोड र गोदकको सिमलगोलाई-तिल्केनी सडकअन्तर्गत जोगमाई खोला पुलका लागि पाँच करोड रुपैयाँको स्रोत सुनिश्चित गरेको थियो। जसमध्ये चालु आर्थिक वर्षमा ५४ करोड रुपैयाँको काम हुने अनुमान गरिएको सडक डिभिजनको भनाइ छ।

# 'टकराव हुन सक्छ'

पृष्ठ १ बाट

कार्यविधिअनुसार एक जना मन्त्रीले आफ्नो सचिवालयमा सल्लाहकारबाहेक उपसचिवसरहका प्रमुख स्वकीय सचिव, अधिकृतसरहका स्वकीय सचिव, अधिकृतसरहका समन्वय कार्यान्वयन तथा अनुगमन अधिकृत, नायब सुब्बासरहका सञ्चार तथा जनसम्पर्क सहायक, सुब्बासरहका सहायक स्तरका कर्मचारी भर्ना गर्न सक्ने व्यवस्था कार्यविधिले गरेको छ।

यसैगरी मन्त्रीले आफ्नो सचिवालयमा दुई हलुका सवारी चालक तथा अरु दुई कार्यालय सहयोगी भर्ना गर्न सक्ने व्यवस्था कार्यविधिमा गरिएको छ। यसबाट मन्त्रालयको संख्या घटे पनि मन्त्रीको सचिवालयमा भर्ना गर्ने स्वकीय सदस्यहरूको संख्या जम्बो हुने निश्चित छ। मन्त्रिपरिषद्ले गत वैशाख ३० गते नेपाल सरकार (कार्यविभाजन नियमावली ) २०८३ पारित गरी मन्त्रालयको संख्या १७ मा झारेको छ। स्वकीय सचिवालय सम्बन्धमा कार्यविधि पास हुनुअघि उपप्रधानमन्त्रीले आफ्नो सचिवालयमा एक सहसचिव, एक उपसचिव, एक शाखा अधिकृत, एक सुब्बा, एक कम्प्युटर सहायक, एक ड्राइभर तथा मन्त्रीले सचिवालयमा एक उपसचिव, एक शाखा अधिकृत, एक नासु, एक कम्प्युटर सहायक, एक ड्राइभर भर्ना गर्न सक्ने व्यवस्था गरिएको थियो।


FREE VISA! FREE TICKET!! ZERO COST!!!

Al Jazira Restaurants Development Co. SPC, (McDonald's) OMAN

पूर्व स्वीकृति मिति : २०८२-०४-१८ | LT. No. 328376 | चलानी नं.: ६०२४२२६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OMR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Arabic Food Cooker | 20 | 10 | 165 | ६४,५९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook (General) | 30 | 10 | 165 | ६४,५९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 3 | Waiters | 20 | 10 | 150 | ५८,६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ । प्रि-अन्तरवार्ता नदिइएको उमेद्वारले फाईनल अन्तरवार्ता दिन पाउने छैनन् ।
फाइनल अन्तरवार्ता हुने स्थान: ट्रेडिशनल कम्फर्ट बुटिक होटल, कमलपोखरी, काठमाडौंमा, २०८३-०४-०५, ०६ गते (21st & 22nd July, 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहार्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोष सम्बन्धि व्यवस्था: रु १५००/- रोजगारदाता कम्पनीले | सेवा शुल्क: नि: शुल्क

वैदेशीक रोजगार विभागबाट गराइएको जानकारी:- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिज्ञ नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन(सूचना) मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानु भन्दा अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनु पर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा, अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एक प्रति आफु संग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला । अन्यथा ठगिने सम्भावना हुन्छ ।७) यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क गर्नुहोला ।

tirra RESPONSIBLE RECRUITMENT
Tirra Partners Pvt. Ltd. (Govt. License 1704/081/082)
Kamalpokhari-28, Kathmandu, Nepal E-Mail: applications@tirrapartners.com.np
Tel: 977-01-4548020, 4548021, Web: www.tirrapartners.com.np



## श्री ललितपुर बहुउद्देश्यीय सहकारी संस्था लि.

लगनखेल १२ ललितपुर

फोन नं. ०१: ५४४७४१०, Email- lalitpurmulticooperative@gmail.com

## कर्जा चुक्ता गर्न आउने बारे ३५ (पैंतिस) दिने अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३।०३।१६

यस सहकारीबाट तपसिलमा उल्लेखित ऋणिले व्यापार व्यवसाय संचालन गर्नको लागि लगेको कर्जा रकम सहकारी संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा ब्याज, हजर्ना र अन्य दस्तुर नतिरी नबुझाई संस्थासँग कर्जा लिदा गरेको लिखित शर्त बन्देजहरु उल्लंघन गरेको र पटक पटक संस्थाको लेना रकम असुल उपर गर्न मौखिक तथा लिखित रुपमा ताकेता गर्दा समेत संस्थाको कर्जा चुक्ता गर्ने सम्बन्धमा कुनै चासो नदेखाई आजको मिति सम्म वेवास्ता गरी बसेकोले कर्जा चुक्ता गर्न आउनु भनी ३५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त म्याद भित्र पनि कर्जा रकम चुक्ता गर्न नआए प्रचलित कानुन, सहकारी ऐन नियमावली एवं संस्थाको विनियम र निति नियम बमोजिम सदस्यको नाममा रहेको घरजग्गा वा सगोल परिवारको नाममा रहेको घरजग्गाबाट बक्यौता रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउँदछ।

तपसिल

| | |
|---|---|
| **ऋणीको नामः बिरेन्द्र बज्राचार्य**<br>बाजेको नामः न्हुच्छे राज बज्राचार्य<br>बुबाको नामः धर्म रत्न बज्राचार्य<br>ठेगानाः एचुटोल, सुन्धारा<br>साक्षीको नामः दिनेश कार्की | **ऋणीको नामः राकेश बज्राचार्य**<br>बाजेको नामः खडग राज बज्राचार्य<br>बुबाको नामः रत्न वीर बज्राचार्य<br>ठेगानाः सुन्धारा<br>साक्षीको नामः सरु बज्राचार्य |
| **ऋणीको नामः देव राज तामाङ्ग**<br>बाजेको नामः दीर्घमान तामाङ्ग<br>बुबाको नामः सोम बहादुर तामाङ्ग<br>ठेगानाः सिन्धुपाल्चोक सिपापोखरी<br>साक्षीको नामः सन्देश शाही/रेशु राई | **ऋणीको नामः बिश्वराज तुलाधर**<br>बाजेको नामः मोति लाल तुलाधर<br>बुबाको नामः आशा लाल तुलाधर<br>ठेगानाः बुंगमती<br>साक्षीको नामः लक्ष्मी तुलाधर |
| **ऋणीको नामः नानी माया नेपाली**<br>ससुराको नामः राम नेपाली<br>श्रीमानको नामः राजु नेपाली<br>ठेगानाः बुंगमती चुनिखेल<br>साक्षीको नामः राजु नेपाली | **ऋणीको नामः देबिन्द्र कुमार गौतम**<br>बाजेको नामः घोनानाथ शर्मा गौतम<br>बुबाको नामः रबिन्द्र कुमार गौतम<br>ठेगानाः सैंबु<br>साक्षीको नामः कल्पना गौतम |
| **ऋणीको नामः लक्ष्मी कुमार शाही**<br>बाजेको नामः देव लाल शाही<br>बुबाको नामः बाबु काजी शाही<br>ठेगानाः सैबु<br>साक्षीको नामः रेणु शाही | **ऋणीको नामः जानुका खड्का**<br>ससुराको नामः तिलब ब.खड्का<br>श्रीमानको नामः अर्जुन ब. खड्का<br>ठेगानाः शोभाहिटी<br>साक्षीको नामः इक्सा खड्का/श्याम कार्की |
| **ऋणीको नामः श्याम बहादुर कार्की**<br>बाजेको नामः बल बहादुर कार्की<br>बुबाको नामः कृष्ण बहादुर कार्की<br>ठेगानाः शोभाहिटी<br>साक्षीको नामः जानुका खड्का | **ऋणीको नामः नेत्र बहादुर कार्की**<br>बाजेको नामः लाल बहादुर कार्की<br>बुबाको नामः अर्ज बहादुर कार्की<br>ठेगानाः सैबु<br>साक्षीको नामः देवकी कार्की |
| **ऋणीको नामः शोभा मर्हजन**<br>ससुराको नामः सिलाल मर्हजन<br>श्रीमानको नामः निरन मर्हजन<br>ठेगानाः हौगल<br>साक्षीको नामः निरन मर्हजन | **ऋणीको नामः गणेश बहादुर श्रेष्ठ**<br>बाजेको नामः चन्द्रमान श्रेष्ठ<br>बाबुको नामः रत्न कुमार श्रेष्ठ<br>ठेगानाः मैतिदेवी<br>साक्षीको नामः ईश्वर ब. जि.सी. विनय |
| **ऋणीको नामः सलिम लवट**<br>बाजेको नामः सुकुमान लवट<br>बुबाको नामः सुकु नारायण लवट<br>ठेगानाः टोखा<br>साक्षीको नामः गणेश बहादुर श्रेष्ठ | **ऋणीको नामः बिकास कुमार रोक्का**<br>बाजेको नामः चन्द्र बहादुर रोक्का<br>बाबुको नामः कालु रोक्का<br>ठेगानाः सैबु ३ |
| **ऋणीको नामः प्रेम बहादुर मर्हजन**<br>बाजेको नामः हर्ख वीर मर्हजन<br>बुबाको नामः नारागण मर्हजन<br>ठेगानाः हरिसिद्धि<br>साक्षीको नामः सान्त गोबिन्द मर्हजन | **ऋणीको नामः मनोज लाल श्रेष्ठ**<br>बाजेको नामः मठूरा दास श्रेष्ठ<br>बुबाको नामः मदन लाल श्रेष्ठ<br>ठेगानाः इखालखु इवहाल १३<br>साक्षीको नामः ओमता श्रेष्ठ |
| **ऋणीको नामः राज्य बज्राचार्य**<br>बाजेको नामः चक्र राज तुलाधर<br>श्रीमानको नामः बिक्रम राज बज्राचार्य<br>ठेगानाः गाबहाल<br>साक्षीको नामः बिमला कार्की | **ऋणीको नामः बच्ची मिजार**<br>बाजेको नामः संखे मिजार<br>ससुराको नामः मोहन बहादुर मिजार<br>ठेगानाः सैबु<br>साक्षीको नामः लक्ष्मी मग्राती |
| **ऋणीको नामः नन्द कुमार सुवेदी**<br>बाजेको नामः हर्क बहादुर सुवेदी<br>बुबाको नामः तेज बहादुर सुवेदी<br>ठेगानाः इमाडोल<br>साक्षीको नामः समुन्द्र सुवेदी /निर्जला सुवेदी | **ऋणीको नामः रत्न मान कपाली**<br>बाजेको नामः शंघ रत्न कपाली<br>बुबाको नामः भाइ रत्न कपाली<br>ठेगानाः बुंगमती<br>साक्षीको नामः मिना कपाली |
| **ऋणीको नामः मन्जु थापा मगर**<br>बाजेको नामः मेघ बहादुर थापा<br>बुबाको नामः लिला बहादुर थापा<br>ठेगानाः सैबु | **ऋणीको नामः अन्जन राज अर्याल**<br>बाजेको नामः कृष्ण प्रसाद अर्याल<br>बुबाको नामः शुक्रदेव शर्मा अर्याल<br>ठेगानाः जोरपाटी ५<br>साक्षीको नामः जितमेल मर्हजन/बिनोद सुब्बा |



## वर्गीकृत विज्ञापन/डिस्प्ले

**घरजग्गा**

कीर्तिपुर।६, थापागाउँ मेनरोडबाट १ कित्ता भित्र ०।४।१।० जग्गा सुपथ मूल्यमा बिक्रीमा: ९७६७२४२३५४

ज्ञानेश्वर मेनरोडमा २ आना १ दाम जग्गा सुपथ मुल्यमा: ९७६७२४२३५४

**सम्पर्क**

फ्लेक्स प्रिन्ट सम्बन्धी सम्पूर्ण कामहरु गर्नुपरेमा हामीलाई सम्पर्क गर्नुहोस्: ९८४९३३३५९०

**मोटरसाइकल हरायो**

मिति २०८३/०२/१५ गते बेलुका करिब ८:०० बजेको समयमा माधवनारायण नगरपालिका -३, सखुअवाचोक, रौतहट बाट मेरो निम्न व्यहोरा भएको मोटरसाईकल हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**सवारी साधनको विवरण:**
**सवारीधनी:** आयुष स्क्रेप प्रा.लि.
मोटरसाईकलको नाम: **Royal Enfield 350CC**
मोटरसाईकल नं: **बा. प्र. ०२-०५१ प ८३२२**
मोटरसाईकल रङ्ग: **Gun Grey**
ईन्जिन नं : **J3A5FFR2022302**
च्यासिस नं: **ME3J3C5FFRN000228**
निवेदक: **अजय कु. जयसवाल**, फोन: ९८५११२४०९६



## गरिमा विकास बैंक लिमिटेड
## Garima Bikas Bank Limited

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

प्रधान कार्यालय : लाजिम्पाट, काठमाण्डौं

**फोन नं. :** ०१-४५४५४२४/२५/२६/२७/२८/३०, **वेभसाइट :** www.garimabank.com.np

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८३/०३/१६**

यस विकास बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत विभिन्न प्रयोजनको लागि लिएको कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दै दस्तुर रकम तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा र विभिन्न मितिमा राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा कर्जा चुक्ता गर्न आउने बारे सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गरेको हुनाले विकास बैंकलाई कर्जा लिँदाको बखत धितो सुरक्षण स्वरुप लेखि लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३" ले दिएको अधिकार प्रयोग गरी लिलामद्वारा बिक्री गरीने भएको हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्रीबाट कर्जा असुली हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताहरुको हक अंश लाग्ने अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने र नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध पक्षहरुलाई कालोसूचीमा समावेश गराउन कर्जा सूचना केन्द्रमा सिफारिस गरि पठाउने व्यहोरा समेत ऋणी र धन जमानीकर्ताहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ। साथै, यसै सूचनालाई आधार मानि ऋणी तथा धन जमानीकर्ताहरुले सो दिन अगावै बैंकमा उपस्थित भई सम्पूर्ण कर्जा राफसाफ गरेमा लिलाम कार्य स्थगित गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

| १. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नाम : पुनम ग्रुप ट्रेड लिंक प्रा.लि.**<br>कम्पनीको ठेगानाः सैनामैना न.पा.-२, रुपन्देही<br>कम्पनी दर्ता नं.: २२३८१८/०७६/०७७<br>कम्पनी दर्ता मितिः २०७६/०५/२३<br>कम्पनीको पान नं.: ६०९६२१४८८<br>कम्पनी दर्ता निकायः नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय<br>**अख्तियार प्राप्त व्यक्तिः जुना ज्ञवाली उपाध्याय**<br>**कर्जा शीर्षकः क्यास क्रेडिट कर्जा र पुनरसंरचना कर्जा**<br>**शाखा कार्यालयः मुर्गिया, रुपन्देही** | **ख) नाम, थर : नोग राज उपाध्याय**<br>बावुको नामः हरि प्रसाद उपाध्याय<br>बाजेको नामः तेजनारायण उपाध्याय<br>स्थायी ठेगानाः पर्रोहा गा.वि.स.-४, रुपन्देही<br>हालको ठेगानाः सैनामैना न.पा-३, रुपन्देही<br>ना.प्र.नं.: ५७५, जारी मितिः २०४६/०९/२४<br>जारी जिल्लाः रुपन्देही |
| **व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण** | **ग) नाम, थर : तारा कटुवाल**<br>पतिको नामः जयभद्र गौतम<br>ससुराको नामः खडानन्द गौतम<br>स्थायी ठेगानाः देउराली गा.वि.स.-९, भोजपुर<br>हालको ठेगानाः सैनामैना न.पा-२, रुपन्देही<br>ना.प्र.नं.: ४५५१/१२५३४<br>जारी मितिः २०५२/०३/१६, जारी जिल्लाः भोजपुर |
| **क) नाम, थर : जुना ज्ञवाली उपाध्याय**<br>पतिको नामः नोग राज उपाध्याय<br>ससुराको नामः हरि प्रसाद उपाध्याय<br>स्थायी ठेगानाः चिदिका गा.वि.स.-८, अर्घाखाँची<br>हालको ठेगानाः सैनामैना न.पा-३, रुपन्देही<br>ना.प्र.नं.: १३६३/३१९३, जारी मितिः २०५२/०६/२५<br>जारी जिल्लाः अर्घाखाँची | **नोट :** ऋणी पुनम ग्रुप ट्रेड लिंक प्रा.लि.को **क्यास क्रेडिट कर्जामा** व्यक्तिगत धनजमानीकर्ताहरु जुना ज्ञवाली उपाध्याय, नोगराज उपाध्याय, तारा कटुवाल रहेको र **पुनरसंरचना कर्जामा** व्यक्तिगत धनजमानीकर्ता जुना ज्ञवाली उपाध्याय रहेको। |

**सुरक्षण धितोको विवरण :**

१. भूमि प्रशासन कार्यालय, बुटवल, रुपन्देहीमा जयभद्र गौतमको नाममा दर्ता श्रेस्ता कायम रहेको परौहा गा.वि.स. वडा नं. ५ नक्सा सिट नं ५/ख स्थित कित्ता नं. १६६० क्षे.फ. ०-०-१६$^{१/२}$ भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. भूमि प्रशासन कार्यालय, बुटवल, रुपन्देहीमा तारा कटुवालको नाममा दर्ता श्रेस्ता कायम रहेको परौहा गा.वि.स. वडा नं. ५ नक्सा सिट नं ५/ख स्थित कित्ता नं. १५७२, १६१६, १६३४, क्षे.फ. ०-०-३$^{३/४}$, ०-०-२$^{१/२}$, ०-०-१२$^{३/४}$ भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. भूमि प्रशासन कार्यालय, बुटवल, रुपन्देहीमा नोगराज उपाध्यायको नाममा दर्ता श्रेस्ता कायम रहेको परौहा गा.वि.स. वडा नं. ४ नक्सा सिट नं ४/ख स्थित कित्ता नं. १००, २०१ क्षे.फ. ०-१-१०-०, ०-०-१७-० भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
४. भूमि प्रशासन कार्यालय, बुटवल, रुपन्देहीमा जुना ज्ञवाली उपाध्यायको नाममा दर्ता श्रेस्ता कायम रहेको परौहा गा.वि.स. वडा नं. ५ नक्सा सिट नं ५/ख स्थित कित्ता नं. १९११ क्षे.फ. १७३.५५ ब.मि. भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| २. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण |
|---|---|
| **ऋणीको नामः नेपाल जूट ईण्डष्ट्रिज प्रा.लि.**<br>कम्पनीको ठेगाना : टंकीसिनवारी गा.वि.स.-०४, मोरङ<br>कम्पनी दर्ता नं. : ७६०/०३२<br>कम्पनीको दर्ता मिति : २०३२/०३/३०<br>कम्पनीको पान नं. : ३००२५३७८४<br>कम्पनी दर्ता निकाय : श्री ५ को सरकार उद्योग वाणिज्य मन्त्रालय, उद्योग विभाग<br>**संचालक/शेयरधनीः मलिका ढकाल**<br>**कर्जा शीर्षकः व्यवसायिक आवधिक कर्जा/व्यवसायिक अधिविकर्ष कर्जा/डिमाण्ड कर्जा/थप चालुपुँजी कर्जा**<br>**शाखा कार्यालय : लाजिम्पाट, काठमाण्डौं** | **क) नाम, थर : मलिका ढकाल**<br>बावुको नाम : खगेन्द्र प्रसाद ढकाल<br>पतिको नाम : शिरीष रिजाल<br>ससुराको नाम : इश्वरी प्रसाद रिजाल<br>स्थायी ठेगाना : अर्जुनधारा गा.वि.स.-१, झापा<br>हालको ठेगाना : विराटनगर म.न.पा.-२, मोरङ<br>ना.प्र.नं. : ६९७१२६८४<br>जारी मिति : २०५२/०३/२७<br>जारी जिल्ला : झापा |

**सुरक्षण धितोको विवरण :** भूमि प्रशासन कार्यालय, मोरङमा नेपाल जूट ईण्डष्ट्रिज प्रा.लि. को नाममा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला टंकीसिनुवारी गा.वि.स. स्थित वडा नं. ४, नक्सा सिट नं. ४ख को कित्ता नं. २३८, ८२, १८०, १८१ क्षे.फ. ०-२-१०, ०-४-९, १-१२-०, १-१२-८ विघा भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**शर्त बन्देजहरू :**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय वा शाखा कार्यालयहरुमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ।
२. प्राप्त बोलपत्रहरु मिति २०८३/०३/२५ गते बिहीबार दिनको ५:०० बजे बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रिय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाइएका कुनै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
३. बोलपत्र खोल्ने दिन कुनै कारणले सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोल्न सकिनेछ वा कर्जा असुली समितिको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतले बोलपत्र खोलिने अर्को मिति तोक्न सक्नेछन्।
४. उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, बोलपत्रकर्ताले सोही अवस्था र परिमाणमा खरीद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ।
५. बोलपत्रकर्ताले आफुले खरीद गर्न चाहेको सम्पत्तिको बोलपत्र कबुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा नगद बुझाएको सक्कल रसीद/भौचर वा सो रकम बरावरको विकास बैंकको नाममा खिचिएको Good for Payment Cheque/Manager Cheque साथै बिद्युतीय माध्यमबाट रकम जम्मा गरेको भए सो को भौचर (Receipt) समेत राखि शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ।
६. बोलपत्रमा आफुले कुन कुन सम्पत्ति के कति दर र रकममा खरीद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट साथ खुलाउनु पर्नेछ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार विकास बैंकमा निहित रहनेछ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
९. बोलपत्रकर्ताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानून बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र आयकर प्रमाण–पत्रको फोटोकपी संलग्न गरेको हुनु पर्नेछ।
१०. बोलपत्र स्वीकृत भएको जानकारीको पत्रको मितिले २१ दिन भित्र धरौटी वाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ। तोकिएको समयावधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ। बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरीनेछ र यस रकममा कुनै ब्याज प्रदान गरीने छैन।
११. स्वीकृत भएको बोलपत्रकर्ताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गर्नुपर्नेछ। यस्तो सम्पत्ति नामसारी गर्दा सम्बन्धित निकायमा कानून बमोजिम लाग्ने/बुझाउनु पर्ने दै-दस्तुर, कर/राजस्व लगायतका अन्य सम्पूर्ण खर्चहरु बोलपत्रकर्ता स्वयंले नै बेहोर्नु पर्नेछ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा शाखा कार्यालयहरु बाट रु. १,०००/- (फिर्ता नहुने गरि) तिरी प्राप्त गर्न सकिनेछ।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।